# संघीय संसद

# राष्ट्रिय सभा

## सातौं अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## २६ पुस २०७७

## आइतबार

## बैठक सङ्ख्या-४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा आइतबार दिउँसो १:१५ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सर्वप्रथम सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सभामा उठेका एवं समसामयिक विषयमा बोल्नका लागि समय माग गर्नु भएको छ । म उहाँलाई समय उपलब्ध गराउँछु ।

**सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीः**- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिले त हामीले लामो संघर्ष गरेर ल्याएको प्रणाली, हामीले लामो संघर्ष गरेर ल्याएको संविधानले व्यवस्था गरेअनुसार यस पटक स्थायी संसदको गरिमामय राष्ट्रिय सभाको व्यवस्था भएको छ र यस पटक राष्ट्रिय सभाको विशेष महत्त्व पनि देखिएको छ । यस गरिमामय सभाका सबै माननीयज्यूहरूमा म हार्दिक शुभकामना भन्न चाहन्छु, सबभन्दा पहिले ।

सम्माननीय अध्यक्ष महोदय, यतिबेला देश एउटा अलिकति नयाँ मोडबाट, नयाँ परिघटना, नयाँ परिदृष्यबाट अगाडि बढिरहेको छ, बढ्न खोजिरहेको छ । यति बेला हामी समयभन्दा अलिकति अगावै प्रतिनिधि सभाको नयाँ निर्वाचनका लागि, नयाँ जनादेश माग्न जनताका बीचमा जाने तयारी गरिरहेका छौं । प्रतिनिधि सभा विघटन भएको छ र देश अब निर्वाचनतर्फ, आमनिर्वाचनतर्फ, प्रतिनिधि सभाको निर्वाचनतर्फ उन्मुख भएको छ । हामीले सोचेका थियौं, प्रतिनिधि सभा ५ वर्ष चल्नेछ र यसमा बिनाविघ्नह प्रतिनिधि सभाले आफूलाई लगातार देश र जनताको सेवामा संविधानको रक्षा र कार्यान्वयनको सन्दर्भमा, संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र कार्यान्वयनको सन्दर्भमा बिनाव्यवधान काम गर्न पाउने छ र हामी त्यसरी काम गरेर अगाडि जानेछौं भन्ने हामीले सोचेका थियौं । मैले पनि त्यही सोचेको थिएँ । नेपाली जनताले असाधारण विश्वासका साथ अत्यन्त स्नेहपूर्वक हामीलाई जुन अभिभारा सुम्पिएका थिए, त्यस अभिभारालाई हामीले कर्तव्यनिष्ठताका साथ संविधानसम्मत ढङ्गले, लोकतान्त्रिक प्रणालीका मूल्य, मान्यता र अभ्यासहरू, अभ्यासका सकारात्मक र उन्नत पक्षहरूलाई प्रयोग गरेर सरकार अघि बढिरहेको थियो । तर हामी सबैलाई थाहा छ, सरकारलाई काम गर्न दिने वातावरण बनेन । सरकारलाई काम गर्न नदिने, सरकारलाई काममा व्यवधान खडा गरिदिने । जहिले पनि झमेला मात्रै सिर्जना गर्ने, केही व्यक्तिका व्यक्तिगत आकाङ्क्षाहरू, महत्त्वकाङ्क्षाहरू र पद लोलुपताजस्ता कुराहरूले राष्ट्रिय राजनीतिलाई नै प्रदुषित गर्न खोज्ने, स्थिरता र स्थायित्त्वतर्फ देशलाई अघि बढ्न नदिएर राजनीतिलाई फेरि बहुमतलाई टुक्र्याउने, बहुमतलाई खण्डित गर्ने, बहुमतलाई ध्वस्त पार्ने र फेरि अस्वस्थ, अनुचित, अलोकतान्त्रिक लेनदेन घटजोड, जालझेल, टिकदम, षडयन्त्रबाट देशको राजनीतिलाई फेरि ६/६ महिनामा प्रधानमन्त्री फेरिने खालको अस्थिरतातर्फ धकेल्ने, काम हुन नपाउने, जोडघटाउ मोलतोल, लेनदेनमै सरकारको समय बित्ने । संसदलाई प्रभावकारी ढङ्गबाट काम गर्न नदिने, कतिपय विधेयकहरू अड्काइदिने, सरकारले संसदसमक्ष प्रस्तुत गरेको प्रस्ताव निर्णायार्थ प्रस्तुत पनि नगरिदिने तर यो प्रणाली बेठीक हो भन्ने निश्कर्ष निकाल्न खोज्ने, संविधान बेठीक हो भन्ने निश्कर्ष निकाल्न खोज्ने, संघीय लोकतान्त्रिक गणतन्त्र चल्ने व्यवस्था होइन, यो चल्दैन भन्ने निश्कर्ष निकाल्न खोज्ने, त्यस्ता प्रयासहरू भए । मैले धेरै प्रयास गरें । धेरै कोशिस गरें । भरसक ५ वर्ष सरकार टिकोस् । स्थिरता र स्थायित्त्वभन्दा साधारणतया जनताले जे बुझ्छन्, जनताको इच्छा थियो ५ वर्ष सरकार टिकोस् । ५ वर्ष सरकार टिकोस् भन्ने हो, सरकार परिवर्तन होस् भन्ने होइन जनताको इच्छा । अस्वस्थ ढङ्गले सरकार परिवर्तन हुनलाई स्थायित्व र

स्थिरता भनिदैन । लगभग दुई तिहाइ प्राप्त सरकार सञ्चालन गर्ने दलभित्रै चरम अस्वस्थताको स्थिति, त्यसले अत्यन्तै असहज वातावरण । मैले अस्ति केही आँकडाहरू निकालें । मलाई आफैलाई अचम्म लाग्यो गएको बैशाख १३ गतेदेखि अस्ति पुस ४ गतेसम्मका बैठक हेर्दा गुटका बैठक, पार्टीविरुद्धका, पार्टीलाई कमजोर पार्ने गुटमा विभाजित गर्ने त्यस्ता बैठकहरू मात्रै एउटै नेताको घरमा २८० वटा बैठक बैशाख १३ गतेदेखि पुस ४ गतेसम्म २८० वटा बैठक बसेका रहेछन् । ३५ वटा बैठक अन्यत्र बसेका रहेछन् । २/३ जनाका गुतगत, भेटघाटको गिन्ती नगरौं । त्यस प्रकार भएका थिए । र देशलाई अस्थिरतामा लान प्रयासहरू भए । त्यस्तो गर्न किन परेको थियो ? त्यसका पछाडि कुने जेन्युन कुनै कारण छ ।

हामीले यो सरकारले विकास निर्माणका कामहरूलाई तीव्रताका साथ अगाडि बढाएको थियो । मैले भन्ने गरेको छु, अघिल्लो पल्ट शिलान्यास गरेर छोडेको रानीपोखरी शिलान्यास गरेको इटाढुङ्गामा लेउ लागिसकेको थियो, धुलोले पुरिने अवस्थामा थियो । केही पनि काम भएको थिएन, सिन्को भाँचिएको थिएन त्यहाँ । अहिले यस अवधिमा हामीले रानीपोखरी तयार गरेर त्यसको उद्घाटन पनि गऱ्यौं । ७ लाख घरहरू भूकम्पबाट क्षतिग्रष्त घरहरू ७ लाख घरहरू निर्माण गरेर जनतामा वितरण गरियो । विभिन्न ऐतिहासिक, साँस्कृतिक सम्पदाहरू धरोहरहरूको पुनर्निर्माण भयो । र लगभग ठूलो प्रतिशतमा निर्माणको काम सम्पन्न भएको छ । केही ढिलो हुने कामहरू खोप्नु पर्ने उस्तै, सामग्री तयार गर्नु पर्ने काम, कालिगढहरूको अभाव, तिनीहरूलाई तालिम दिनुपर्नेजस्ता कुराहरूले गर्दा केही ढिलो हुनु बेग्लै कुरा हो । नत्र काम तीव्र गतिका साथ अगाडि बढेको छ र त्यो साथीहरूले अनुमान गर्नुभएको छ, देख्नुभएको छ । अनुमानभन्दा पनि तपाईंहरूले अनुभव गर्नुभएको छ, त्यो देख्नुभएको छ । तसर्थ काम भएनन् भन्ने होइन, धरहराको निर्माण सम्पन्न हुने बिन्दुतिर पुगिरहेको छ । साथीहरूले देख्नुभएको छ । काठमाडौंको बाटाहरू, काठमाडौं सहरको ब्युटिफिकेशन, सौन्दर्यकरणदेखि लिएर अरु कामहरू देख्नुभएको छ । यस बीचमा यो सरकार बन्नुभन्दा अगाडि तराईमा कहीँ पनि ढलको व्यवस्था थिएन । अहिले सयौं किलोमिटर ढलको व्यवस्था गरिएको छ र तराईका सहरहरू सफा राख्ने काम भएको छ । विराटनगर, जनकपुर अनेक सहरहरू । ढलका कामहरू विस्तार भएका छन् ।

गएको आर्थिक वर्षमा मात्रै लगभग ६ हजार हेक्टर जमिनमा थप सिँचाइको प्रवन्ध भएको छ । विद्युतीकरण ९२ प्रतिशतभन्दा बढी विद्युतीकरण भएको छ, विभिन्न

ढङ्गले । सडकहरू गएको १ वर्षमा गएको एक आर्थिक वर्षको कुरा गर्ने हो भने कोभिडले अन्तिमको ४ महिनाहरू बर्बाद गऱ्यो तैपनि ९७९ किलोमिटर सडक कालोपत्र गएको वर्षमात्रै भएको छ । जम्मा ४५ सयभन्दा बढी किलोमिटर कालोपत्रे भएको छ । डबल लेन, फोर लेन र सिक्स **ल्यान**का बाटाहरू । काफी कामहरू भएका छन् । कृषिको आधुनिकीकरणको सम्बन्धमा, व्यवसायिकीकरणको सम्बन्धमा कामहरू भएका छन् । त्यसलाई कार्यान्वयन गर्नका लागि विभिन्न देशहरूसँग हामीले सम्झौताहरू गरेका छौं । त्यसको आधुनिकीकरण कृषिको आधुनिकीकरणको सम्बन्धमा अहिले केही दिन अगाडि मात्रै उर्जा सचिवको नेतृत्त्वमा भारत गएको टिमबाट महाकाली नदीबाट गएको शारदा नगरबाट चाँदनी दोधारामा १० क्युमेक्स पानी सिँचाइका लागि दिने जुन हामीले उहिले सहमति सम्झौता गरेका थियौं, एकीकृत महाकाली सन्धिमा पारेर, त्यसको अब कार्यान्वयन हुनका लागि ६ महिनाभित्र डीपीआर तयार गर्ने र ६ महिनाभित्र हेडवर्क सुरु गरेर अनि नहर सुरु गरेर चाँदनी दोधाराको सिँचाइ गर्ने भनेका छौं । त्यहाँ हामीले चाँदनी दोधारामा सुख्खा बन्दर्गाहाको व्यवस्था गरेका छौं । सुदूरपश्चिममा हामीले दैजीमा औद्योगिक क्षेत्र, बाँकेको कोहलपुरभन्दा माथि नौबस्तामा औद्योगिक क्षेत्र यस्ता थुप्रै औद्योगिक क्षेत्रहरू हरेक प्रदेशमा औद्योगिक क्षेत्रहरूको विस्तार र निर्माण त्यो गरिएको छ । यी कुरा सबैलाई थाहा छ ।

शिक्षाको क्षेत्रमा, स्वास्थ्यका क्षेत्रमा कति प्रगति भएको छ भन्ने कुरा सबै साथीहरूलाई थाहा छ । अहिले भर्ना दर कति पुगेको छ, त्यो पनि साथीहरूलाई थाहा छ । अहिले ड्रपआउट, विद्यालयबाट बाहिरिनेको सङ्ख्या कसरी घटेको छ, त्यो पनि थाहा छ । छात्र र छात्राहरूको अनुपात बराबरीको स्थितिमा पुगेको छ । यो साधारण सामाजिक जागरणको क्षेत्रमा, उत्थानको क्षेत्रमा, जेण्डर इक्वालिटिको सन्दर्भमा वा सामाजिक न्यायको सन्दर्भमा, सामाजिक समानताको सन्दर्भमा यो सानो उपलब्धि होइन । पिछडिएका क्षेत्रहरू, पिछडिएका जाति, समुदायका बालबालिकाहरूको पढाइ त्यसमा के परिवर्तन आएको छ र त्यो सम्बन्धमा सरकारले के गरेको छ भन्ने कुरा सबैलाई थाहा छ । देख्न सबैले देखेको छ, देखेर पनि नदेखेझैं गर्नु वा देखियो भने छोप्नु, छोप्न सकिएन भने देखिन्छ भनेर अर्कोतिर मुन्टो फर्काएर हिंड्नु बेग्लै कुरा हो अनि केही पनि गरेन भन्नु बेग्लै कुरा हो । तर कामहरू भएका छन् । असाधारण ढङ्गले काम भएको छ र ऐतिहासिक ढङ्गले काम भएको छ, द्रुतत्तर गतिमा काम भएको छ ।

यसरी काम नेपालमा यसभन्दा अगाडि कहिल्यै पनि भएको थिएन । तथ्यहरूले बताउँछ, आँकडाहरूले बताउछन् । त्यसरी काम भएको छ ।

मैले अघि नै भनें, चाँदनी दोधाराको सिँचाइ, त्यसको हामीले बन्दोबस्त गरेका छौं । अरु पञ्चेश्वर परियोजनाका कार्यान्वयनका लागि आम रूपमा सहमति भएको छ अब एउटा मात्रै बुँदामा छलफल भइरहेको छ । त्यो हो, लोअर शारदा । लोअर शारदामा अगाडिदेखि भारतले बाँध बाँधेर महाकाली नदीलाई तल पुगेपछि शारदा भनिन्छ, त्यहाँबाट कर्णाली नदीलाई तल पुगेपछि घाँगरा भनिन्छ, त्यहाँबाट । घाँगराबाट पनि पानी लगेको छ र शारदाबाट पनि पानी लगेको छ । अथवा महाकाली र कर्णाली दुवै नदीबाट पानी लाने गरेको छ त्यसमा र त्यसलाई उसले अग्राधिकार आफ्नो हुनुपर्छ । हामीले पहिले तल्लो तटीय राष्ट्रको पहिलो प्रयोग मान्यता दिने, त्यो हक हामीले पाउनुपर्छ भनेर भारतले भनिरहेको छ । र हामी त्यसको असर के पर्छ भन्ने कुराहरूको छलफल गरिरहेका छौं । यो एउटा छलफलको विषय चलिरहेको छ । अरु विषयहरू लगभग मूल विषयहरू टुङ्गिएका छन् । तसर्थ हामी विभिन्न ढङ्गले अगाडि बढेका छौं । कतिपय मानिसहरूले मलाई सोध्ने गर्छन्, तपाईं प्रधानमन्त्री भएपछि भारतसँगको सम्बन्धमा व्यापक छलफल किन हुन्छ ? बेस्सरी बहस किन हुन्छ ? तपाईं प्रधानमन्त्री भएपछि नै किन हुन्छ ? म प्रधानमन्त्री भएपछि नै किन हुन्छ भने म भारतसँग साँचो अर्थमा मित्रता गर्न चाहन्छु, मित्रता बढाउन चाहन्छु । मित्रतालाई सही अर्थमा गहिराइमा पुऱ्याउन चाहन्छु, व्यापक बनाउन चाहन्छु, उचाइमा लान चाहन्छु, नयाँ उचाइमा पुऱ्याउन चाहन्छु । त्यो असमानताका आधारमा हुँदैन । सोभरेन इक्वालिटिका आधारमा नै दुई देशका बीचको सम्बन्ध सुदृढ हुने हो । वास्तवमा मनदेखिको मित्रता हुने हो । हाम्रो भूभाग हामीले प्राप्त नगरेर हडपिएको छ भने भूभाग हडपिएको छ भन्ने थाहा छ, बोल्न नसक्ने अनि सम्बन्ध राम्रै छ भन्ने । भित्र-भित्रै मन कुड्याउने बाहिर-बाहिर सम्बन्ध राम्रै छ भन्ने । त्यस्तो होइन, जहानेर समस्या छ, सीमासम्बन्धी समस्या छ भने त्यो मित्र राष्ट्रसँग हामीले खुलस्त छलफल गर्नुपर्छ, कुरा गर्नुपर्छ, हाम्रा समस्याहरू राख्नुपर्छ, हाम्रा अडानहरू राख्नुपर्छ । हाम्रा न्यायोचित तर्कहरू, हाम्रा भनाइहरू हामीले प्रस्तुत गर्नुपर्छ र त्यो न्यायोचित भनाइ हामीले पूरा गराउने प्रयास गर्नुपर्छ । त्यसकारण छलफल हुन्छ ।

१९२८ देखि शारदा क्यानलबाट, शारदा नहरबाट उत्तराखण्ड र उतरप्रदेशको सिँचाइका लागि पानी गइराखेको छ, १९२८ देखि । अब ९२ वर्षबाट, ९३ वर्षबाट

हाम्रो खेतको सिरानबाट हाम्रो आधा हक भएको खोलाबाट पानी लगिएको छ । हाम्रो भूमि बाँझै छ । त्यो भूमिमा सिँचाइ हुनुपर्छ भनेर बोल्न नसक्ने अनि त्यो भूमिमा सिँचाइ हुनुपर्छ भनेर वार्ता गर्दा तपाईंकै पालामा बहस किन हुन्छ ? बढी बोलेर सम्बन्ध बिगार्‍यो भन्ने । अनि मुख टालेर बस्ने ? हाम्रो खेत बाँझो हुने, हाम्रो पानी हाम्रो खेतको सिरानबाट जाँदा हामीले हाम्रा खेतमा पानी चाहियो भन्न नसक्ने ? अनि सुमुधुर सम्बन्धका लागि चुप्प लागेर बस्नु पर्छ भन्ने । खेत बाँझै राख्ने । मौका मिले राष्ट्रवादका ठूला गफ पनि गर्ने । यो खालका कुराहरू अन्त्य गर्नका लागि हामीले मित्रतापूर्ण ढङ्गले कुराहरू अगाडि बढाएका छौं र सफलता पनि प्राप्त गरेका छौं । केही मानिसहरूलाई लागेको थियो, हाम्रो भूभाग सामेल गरेर दोधारा चाँदनी, लिम्पियाधुरा, लिपु लेक र कालापानी हाम्रो भूभाग सामेल गरेर नक्सा प्रकाशन गरेपछि अब सम्बन्धहरू बिग्रिन्छन्, बिग्रिए भनेर । बिग्रिदैन ।

हामीले अर्काको भूमि क्लेम गर्‍यौं भने, अर्काको भूमिमा दाबी गर्‍यौं भने सम्बन्ध बिग्रिन्छ । हाम्रो भूमिमा, सही भूमिमा दाबी गर्‍यौं भने सुगौली सन्धिबाट हामीलाई प्राप्त गरेको त्योभन्दा उताको त हामीले छोड्नु पर्‍यो, त्योभन्दा अगाडि कुमाउ, गडवालसम्म हाम्रो थियो । तर सुगौली सन्धि हामीले गरेपछि महाकालीपूर्वको मात्रै हाम्रो भूभाग हो । १८१६ देखि त्यही पनि त्यसपछि १४६ वर्षसम्म हामीले त्यसलाई भोगचलन गरिरहेका थियौं । १४६ वर्षसम्म भोगचलन गर्दै आयौं । तर गत ५८ वर्षदेखि हाम्रो भूभाग भारत र चीनको लडाइका बेला भारतीय फौज कालापानीमा आएर बसेपछि नेपालका शासकहरूले बोल्न सकेनन् । लिपु लेक र लिम्पियाधुरा त्यसको पारिपट्टि पर्‍यो कालापानीमा फौज छ । त्यसो भएर हामीले सुगौली सन्धिभन्दा पछि १४६ वर्षसम्म हामीले उपभोग गरेको भूभाग हाम्रो नक्साबाट पनि गायव गरिएको थियो । त्यसकारण हामीले हाम्रो नक्सामा सामेल गर्‍यौं, संविधानमा राख्यौं र अब तत् सम्बन्धमा मित्रतापूर्ण ढङ्गले प्रमाण, तथ्यका आधारमा छलफल हुँदैछ र हामी त्यो भूभाग कायम गरेर छोड्छौं हाम्रो स्वामित्त्वमा, हाम्रो अधीनमा नक्सामा मात्रै होइन, व्यवहारमा हाम्रो भूमि हामी कायम गरेर छोड्छौं । कतिलाई त्यसले छट्पटि भयो । नक्सा छापियो । वाक सामेल गरेर आफ्नो वास्तविक भूमि सामेल गरेर नक्सा छापियो । त्यो नक्सा छापिएपछि संविधान संशोधन भयो । हाम्रो निशान छापमा त्यसलाई सामेल गरियो, संविधानको अङ्ग बनाइयो । यी सबै कुराले कतिपयलाई छटपटि भयो ।

पहिलोपल्ट संविधान जारी गर्न पहल गरेबापत संविधान जारी गर्न दृढतापूर्वक जारी गर्न अगुवाइ गरेबापत त्यसबापत लगाइएको नाकाबन्दीको दृढतापूर्वक सामना गरेबापत एउटा देशवेष्ठित नेपाललाई अर्कोतिरबाट पनि यातायात र पारवाहनको सन्धि गरेर भूपरिवेष्ठित भइयो । भूजडित देशको रूपमा परिवर्तन गरेपछि, माथि उठाएपछि उत्तरी सीमानाका पनि थुप्रै नाकाहरू खोलेर हाम्रो उत्तरी क्षेत्रको जनजीवनलाई सहज, सरल बनाउने अभियान सुरु गरेपछि यस्ता थुप्रै कामहरू भएपछि हामीले रेल, पानी जहाज, जलमार्ग आदि समेतको उपभोग गर्ने भएपछि संसद भवन पनि बनाउँछु भनेपछि मन्त्री क्वाटर पनि पुरानो भयो त्यसलाई पनि व्यवस्थित गर्छु भनेपछि, सांसद क्वाटरहरू पनि बनाउँछु भनेपछि, सभा हलहरू पनि काठमाणडौंमा बनाउँछु भनेपछि, लुम्बिनीमा बेग्लै परिवर्तन ल्याउँछु भनेपछि, लुम्बिनीमा ५ हजार अट्ने ध्यानकेन्द्र र सभा हल निर्माण गर्छु भनेपछि, लुम्बिनीको उराठलाग्दो शिशौघारीलाई एउटा बगैंचाको रूपमा परिणत गर्छु बुद्धभूमिको रूपमा भनेपछि, लुम्बिनीको एयरपोर्ट शीघ्र अति शीघ्र तयार गरेर त्यसलाई एउटा बुद्धमार्गीहरूको, बुद्ध धर्मावलम्बीहरूको र अरुहरूको समेत पर्यटकहरूको एउटा महत्त्वपूर्ण आवागमन स्थलको रूपमा विकास गरेपछि राजमार्गबाट सदरमुकाम र सीमासम्म ६ लेनका बाटाहरू कहींकहीं ४ लेनका बाटाहरू निर्माण गर्ने भनेपछि, सहरीकरणको अभियानलाई तीव्र गतिका साथ अगाडि बढाएपछि, जनताका सुविधाका निम्ति अनेक कामहरू गरेपछि आत्तिएर त्यसबेला पनि त्यो सही गठबन्धन तोडेर अर्कातिर हाम फाल्ने काम भएको थियो । त्यो सरकार ढाल्न पर्ने कारण कसैले बताओस्, त्यो सरकार ढाल्नु पर्ने उचित कारण के थियो ? थियो कारण ? सहिनसक्नु भएको थियो । विकास निर्माणले गर्दा, देशले छलाङ्ग मारेकोले गर्दा भन्दा क्रमभङ्गता, क्रमभङ्ग त भएको थियो नि, छलाङ्ग त मारेको थियो नि । तर त्यसले महा बिपत्तितिर देशलाई लगेको थिएन । त्यसकारण आपत भयो, आपत पऱ्यो र त्यो सरकार ढालियो । यसपल्ट पनि विकास निर्माणका कामहरू तीव्रताका साथ हुँदैछ । तातोपानी बाटो बन्दैछ । केरुङ्गतिर अब टनेल बाटो पनि जाने टनेल मार्गको पनि सर्भे भइराखेको छ । टनेल मार्गबाट पनि हामीले केरुङ्ग जान्छौं र १ घण्टाभित्र अब चिनिया भोट जान्छौं । कुनै पनि समयमा आवागमन अवरुद्ध नहुने किमाथाङ्काको बाटो हामी तयार गर्दैछौं । ओलाङ्कचुङ्गगोलाको बाटो हामी तयार पार्दैछौं । महाकाली करिडोरको बाटो हामी तयारी गर्दै छौं । महाकालीको पुल तपाईंहरूले हेर्नुभएको होला । निर्माण भइसक्न लागेको छ । आधाभन्दा बढी निर्माण भइसकेको छ । स्ल्यापहरू सबै अलिकति केही कामहरू बाँकी छ । त्यो पनि तयार हुन लागेको छ । झोलुङ्गे पुलले

विस्थापित गर्ने पुलले विस्थापन गर्ने तुइनहरूलाई टायरबाट तर्नु पर्ने दुखद् स्थितिको अन्त्य गर्ने तुइनबाट तर्नु पर्ने महाकालीको स्थितिलाई अन्त्य गर्नका लागि त्यहाँ पुलहरू बनेका छन् । अनि छट्पटिने । के भनेर आलोचना गर्ने होला, के भनेर होच्याउने होला, उपलब्धिहरूलाई के भनेर ओझेलमा पार्ने होला, भिजनलाई के भनेर ओझेलमा पार्ने होला ? यसै काममा केही मान्छेहरू लागे, इर्ष्या र डाहा गरे । अनि स्थिरता, स्थायित्त्व हुन नदिनका लागि निर्वाचनबाट आएको प्रधानमन्त्रीलाई बीचमा षडयन्त्र गरेर प्रधानमन्त्री हट्नुपर्छ कि हट्नु पर्छ । म धेरै केही नभनौं । मैले नै दिएका अवसरहरू दुरुपयोग गरेर, उही हो, सिंह बनाइदियो, सिंहले आफैंलाई झम्टिने, स्थिति, त्यो सिर्जना गर्ने । त्यस प्रकारको अवस्था बन्यो ।

वास्तविक स्थिरता के हो ? वास्तविक स्थायित्व के हो ? कथमकदाचित सरकार बन्न सकेन भने संविधानले स्थिरता ५ वर्षमा चुनाव गर्नेलाई मात्रै भनेको छैन, संविधानले । सरकार बन्न सकेन भने तत्काल चुनावमा जाने व्यवस्था गरेको छ, संविधानको धारा ७६ को (७) ले । तत्काल चुनावमा जाने व्यवस्था गरेको छ, सरकार बनेन भने । बहुमत कसैको आएन भने दुई वा दईभन्दा बढी दलहरू मिलेर सरकार बनेन भने अनि प्रमुख पार्टीले सरकार बनाउन सकेन वा विश्वासको मत प्राप्त गर्न सकेन भने अथवा कुनै व्यक्तिले भरपर्दो ढङ्गले आधार लिएर गएर राष्ट्रपति कहाँबाट प्रधानमन्त्रीत्त्व लिएर आयो भने पनि १ महिनामा विश्वासको मत प्राप्त गर्न सकेन भने प्रधानमन्त्रीले अल्पमतको मात्रै होइन, अल्पमतको ले पनि एउटा इन्डिभिज्युअल प्रधानमन्त्रीले पनि पार्टीबिनाको पनि हुन सक्छ । एउटा व्यक्ति सांसदले, दलको नेताले होइन, व्यक्ति सांसदले पनि यदि विश्वासको मत प्राप्त गर्न सकेन भने उसको सिफारिसमा राष्ट्रपतिद्वारा संसद विघटन हुन्छ र नयाँ प्रतिनिधि सभाका लागि निर्वाचनका लागि मिति तोकिन्छ, नयाँ मिति तोकिन्छ । संविधानको धारा ७६ को (७)। त्यसकारण चुनाव हुनु अस्थिरता होइन । अस्थिरता संविधान सही ढङ्गले कार्यान्वयन हुनु, नहुनु हो । संवैधानिक बाटोबाट जाँदाखेरि अस्थिरता भनिँदैन । अस्थिरता त्यतिबेला हुन्छ, बाह्य शक्तिको इसारामा, बाह्य शक्तिको स्वार्थमा जब देशका शक्तिहरू गोटी बन्न थाल्छन् र राष्ट्रिय राजनीतिलाई अस्थिरतातर्फ धकेल्न थाल्छन्, अस्वस्थतातर्फ धकेल्न थाल्छन्, विकास निर्माणका काममा व्यबधान पुऱ्याउन थाल्छन् र निर्वाचित प्रधानमन्त्रीलाई काम गर्न नदिने अप्ठ्यारो पार्ने स्थितिमा जान थाल्छन् र त्यस्तो स्थितिमा निरिह हुनुपर्ने स्थिति आउँछ, परिवर्तन उनीहरूले गर्न सक्छन्, हो, त्यस्तो स्थिति स्थायित्त्वको स्थिति होइन,

स्थिरताको स्थिति होइन । अहिले स्थिरताको स्थिति हो कसैले पनि प्रधानमन्त्र हटाउन सकेन । चाहेर पनि हटाउन सकेन । यो स्थिरताको स्थिति हो, स्थायित्वको स्थित हो । कसैले चाहेर पनि फेरबदल गर्न सक्दैन । यो स्थिरता र स्थायित्त्वको स्थिति हो । कतिको भनाइ हुन सक्छ, केपी ओलीले सरक्कै फलनालाई अध्यक्ष छोडिदिएको भएदेखि भइहाल्थ्यो भनेर । किन छोड्दिने त्यो थाहा छैन । किन छोड्दिने, कसलाई छोड्दिने ? यो दान हो र कमण्डल थाप्ने बित्तिकै लौ भनेर दिने ? यो मोहोर सिक्का हो, प्रधानमन्त्रीको जिम्मेवारी भनेको ? यो जनताले सुम्पिएको अभिभारा हो, जो जुनसुकैलाई, जस्तोसुकैलाई जुनसुकै विधिबाट सुम्पन सकिँदैन । त्यसकारण मैले बडो भारी मनका साथ पाँचै वर्ष राम्रै चलाउन पाएको भए हुन्थ्यो । तर अस्वस्थ्य गतिविधिका साथ कोही अध्यक्ष छोड भनेको छ, कोइले के भन्या छ । प्रायोजित अनेक लगानीका सञ्चार माध्यमहरू प्रयोग गर्‍या छ । केही त्यस्तै खालका बुद्धिजीवीहरूको एउटा झुण्डलाई प्रयोग गर्‍या छ र देशमा अस्थिरता फिजाउने प्रयास साझा प्रयास हो । ती भइराखेका छन् । तपाईंहरू यसो हेर्न सक्नुहुन्छ, सञ्चार माध्यामहरूमा हेर्न सक्नुहुन्छ । विशाल सभाहरूको उसले फोटो छाप्दैन । एउटा अखबारले विशाल जनसभाको फोटो छाप्दैन । अनि सरकार विरोधी केही जमात यसो देखियो भने त्यो जमातको चाहिँ हाइलाइट गरेर फोटो छाप्छ । सबै देखिएको छ नि । यो अस्थिरता प्रयास गर्ने, अस्थिरता सिर्जना गर्ने प्रयास हो । जसलाई प्रतिनिधि विघटनबाट रोकिएको छ र ताजा जनादेशमा गएर, ताजा जनादेशबाट  देशलाई स्थिरता, स्थायित्व, लोकतान्त्रिक विधि, पद्दति, प्रणालीलाई सुदृढ ढङ्गले फङ्सनेबल बनाउने ढङ्गले अगाडि बढाउने त्यो अभ्यासमा लगिएको छ । कतिले गैरजिम्मेवार भन्ने अभिव्यक्ति दिएको मैले सुनेको छु । के हो जिम्मेवार भनेको ? शब्दको अर्थ हुन्छ कि हुन्न् ? डिक्सनेरी पल्टाएर हेरे पनि हुन्छ नि शब्द के भन्छन्, गैरजिम्मेवार भनेको के हो ? मैले बिल्कुल जिम्मेवारी बोधका साथ यो लोकतन्त्र ल्याउन नेपाली जनताले जति बलिदान गरेको छ, जति हण्डर, ठक्कर खाएको छ, जति पसिना बगाएको छ, जति यातना सहेको छ, जति क्षति व्यहोरेको छ, त्यो सबै बलिदान र क्षतिहरूको हिसाब गरेर, लेखेर, हेरेर त्यसका उपलब्धिहरूको रक्षा गर्नुपर्छ । त्यसका उपलब्धिहरूलाई खेर जान दिनु हुँदैन । केही पद लोलुप मान्छेहरूका आत्माकेन्द्रित स्वार्थी क्रियाकलापहरूलाई हावी हुन दिएर देशमा लोकतन्त्रलाई डिरेल गर्न दिनु हुँदैन । सही बाटोबाट, सही मार्गबाट अन्यत्र जान दिनु हुँदैन भनेर नै प्रतिनिधि सभा विघटन गर्नु परेको हो । गैरजिम्मेवार कसरी भयो ? के हो गैरजिम्मेवार भनेको ? बिल्कुल जिम्मेवारीका साथ, कर्तव्यबोधका साथ यो काम

गरियो । निर्वाचनमा जाऔँ । कतिपयले भने केपी ओलीको लोकप्रियताको ग्राफ्स ० मा झऱ्यो । ० मा झरेको छ कि माइनसमा गएको छ कि प्लसमा गएको छ, निर्वाचनमा हेरौँ न । अब गफ फिट्ने दिन गए । अब गफ फिटेर हुँदैन । अब मैदानमा ।

मैले कतिपय ठाउँमा बोल्दाखेरि भन्ने गरेको छु । रेस्लिङ खेल्दाखेरि त्यो रेस्लरहरू कहिले-कहिले खुब आफ्नो फुर्ति देखाउँछन् । फुर्ति देखाएर खेल्नु कता छ, कता छ त्यो बेल्ट चाहिँ पहिले लिएर आफैँ लगाउँछन् । अनि रेफ्रिले त्यो बेल्ट खोसेर पछि जित्यौ भने लाउला भनेर राख्छ । खेलै नखेलिकन थुप्रै रेस्लरहरू देखिए । रिङ्गमा नचढ्दाखेरि बेल्ट लगाउने गरेको अब मैदान घोषणा गरिएको छ, रिङ्ग तयार भएको छ । रिङ्गमा आउनुस् । त्यहाँ जितेर अनि लगाउनुस् न रेस्लिङको बेल्ट । खुट्टा किन काम्यो ? निर्वाचन भन्ने बित्तिकै सातो किन गयो ? जनताका बीचमा जाने भन्ने बित्तिकै, ताजा जनादेश लिने भन्ने बित्तिकै अन्त कहीँ जाने भनेको त होइन नि । अरु कुनै प्रभुका चरणमा जाने भनेको त होइन नि । जनताका शरणमा जाने भनेको हो, नेपाली जनताका अभिमत लिने भनेको हो । केपी ओलीले गल्ती गरेको रहेछ भने नेपाली जनताले त्यसको दण्ड देलान् । नेपाली जनताका बीचमा गएर केपी ओलीलाई दण्ड दिन अपिल गर्नुस् न तपाईंहरू, जानुस् । ज-जसलाई चित्त बुझेको छैन । तपाईंहरूलाई जनताले त्यहीँ जवाफ दिएर पठाउँछन् ।

हामी अन्तर्राष्ट्रिय क्षेत्रको सम्बन्धमा पनि सफलतापूर्वक अगाडि बढिरहेका छौँ । हाम्रा दुई छिमेकी मित्र राष्ट्रहरूसँगको हाम्रो सम्बन्ध गहिरो, सबल र सुदृढ बनाएका छौं, हामीले । नयाँ उचाइमा पुऱ्याएका छौं, हामीले । उपलब्धिका साथ उचाइमा पुऱ्याएका छौं, हामीले र हाम्रा मैत्रीपूर्ण सम्वादहरू अगाडि बढिरहेका छन् । समस्या समाधानको दिशामा अगाडि बढिरहेका छन् । उपलब्धिका साथ अगाडि बढिरहेका छन् र हामी कहीँ कतै समस्याहरू देखा परे भने तिनको संवादबाट, वार्ताको माध्यमबाट समाधान गरिरहेका छौं । अनि कुरा लगाएर हुँदैन, काम गरेर हुन्छ । कुरा फिटेर हुँदैन, काम काटेर हुन्छ, अब । त्यसकारण म कुरा फिट्ने मित्रहरूलाई भन्न चाहन्छु, काममा तुलना गरौं । कुनै पनि समयका, कुनै पनि सरकार, कसैको पनि नेतृत्वको पनि सरकारभन्दा कुनै पनि अवधिको भन्दा यतिबेलाका कामहरूको तीव्रता अहिले कोभिड-१९ छ फेरि पनि हामीले कोभिड-१९ लाई अहिले पनि हामी सोसल डिस्टेन्स मेण्टेण्ड गरेर बसिरहेका छौं । कोभिड-१९ लाई हामीले जनतामा जागरण फैलाएर, चेतना फैलाएर, सामाजिक दूरी कायम गर्न आग्रह गरेर अनिवार्य हात धुन आह्वान गरेर, मास्क लगाउन आग्रह गरेर

र विभिन्न जडिबुटी जन्य कुराहरूको प्रयोग गरेर तातो पानीले घाँटी, नाक, मुख सबै सफा गर्न सिकाएर कोभिडको सामना गरिरहेका छौं र कोभिड एकपल्ट ह्वात्तै बढेको देखिए पनि फेरि कोभिड कम हुँदै गएको छ । हामी अब भ्याक्सिन ल्याउने तयारीमा छौं छिट्टै भ्याक्सिन ल्याउछौं र भ्याक्सिन ल्याइसकेपछि कोभिडको ठुलो समस्या रहँदैन । कोभिडको समस्या हामी समाधान गर्दछौं । मैले कोभिड सुरू हुने बित्तिकै भनें सबैभन्दा महत्त्वपूर्ण यस सरकारलाई नै नेपाली जनताको ज्यान छ । नेपाली जनताको जीवन सबैभन्दा महत्त्वपूर्ण कुरा हो । सबैभन्दा महत्त्वपूर्ण जीवन सुरक्षा पहिलो कुरा हो, पहिलो कर्तव्य हो सरकारको हामी त्यसैगरी काम गर्दछौं। हामीले त्यस मूल मन्त्रलाई नै ध्यानमा राखेर जनताको जीवन रक्षा, निःशुल्क स्वास्थ्य उपचार भविष्यका लागि हामीले के गरेका छौं त्यो साथीहरूले देखुभएको छ, सुन्नुभएको छ, थाहा पाउनुभएको छ । एकै दिन हामीले ३ सय ९६ अस्पतालहरू शिलन्यास गर्ने कार्यक्रमहरू राखेका थियौं तर विभिन्न कारणले अर्को अर्को दिन गर्नुपर्यो केही ठाउँहरूमा तयारी नपुगेर । ३ सय ९ स्थानमा एकै दिन हामीले शिलान्यास गर्यौं अस्पतालहरू । नेपालको इतिहासमा यस्तो रेकर्ड खोज्नुहुन्छ ? एक दिनमा होइन वर्ष दिनमा ३ सय ९ अस्पताल शिलान्यास भएको कुनै वर्ष देखाउनुहुन्छ ? तर अहिलेको सरकार एकै दिनमा ३ सय ९ अस्पताल शिलान्यास गर्छ । एक वर्षमा कसैले गरेको थियो ? अनि यी कुराहरू त गर्नुभएन अनि जनताले नबुझ्ने जनताका सरोकार नभएका विधि, पद्दति के बुझ्ने जनताले पद्दति ? न पद्दति लगाउन हुन्छ, न पद्दति खान हुन्छ विचरा जनतालाई सुनाइदिएको छ विधि, पद्दति। रोजगारीका कुरा गरौं, गरिबी हटाउने कुरा गरौं, खानाका कुरा गरौं, बस्त्रका कुरा गरौं, आवासका कुरा गरौं, छोराछोरी पढाउने कुरा गरौं, विरामी हुँदा उपचार गराउने कुरा गरौं, जनताका अधिकारका कुरा गरौं, समानताका कुरा गरौं, हिमाल, पहाड, तराइ सबै क्षेत्रको उत्थानका कुरा गरौं, पूर्व-पश्चिम, मेची-महाकाली सबै ठाउँको उत्थानका कुरा गरौं, सबै जातिका सबै भाषा बोल्ने सबै आस्था विश्वासका जनता, सबै पेशा व्यवसायका जनताको उत्थानका कुरा गरौं । छाउपडी प्रथाबाट महिलाहरूलाई मुक्त गरौं, समानताका अधिकारतर्फ महिला सशक्तीकरणको बाटोबाट, महिला शिक्षाको बाटोबाट, सामाजिकीकरणको बाटोबाट, सहभागिताको बाटोबाट महिलाहरूको आत्मविकास, क्षमता र आत्माविश्वास विकास गर्दै सहभागिता बृद्धि गर्न अनि मात्रै हामी देश विकास गर्न सक्छौं।देशका सबै जनतालाई सक्षम बनाउँ हाम्रा भविष्य बालबालिकाहरूको विशेष हेरचाह गरौं । यसकारण सरकारले बालबालिकाको हेरचाहको लागि गर्भावस्थादेखि जीवनपर्यन्त विभिन्न प्रकारका कार्यक्रमहरू ल्याएको छ अहिले समय

अभावमा म ती सबै कुराहरूमा जान चाहन्न सरकारले गरेको छ । अनेक कार्यक्रमहरू यहाँहरूले देख्नुभएको छ हामीले जाति जनजातिहरूका भावनाहरूको सम्मान गरेका छौं । आज मात्रै बसेको मन्त्रिपरिषद्को बैठकले माघीको दिनलाई एउटा राष्ट्रिय उत्सवको रूपमा मनाउन माघीको दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । यो खालि थारू जातिको लागि मात्रै होइन अरु अनेक जातजातिहरूका लागि माघे सङ्क्रान्ति सबैले मनाउछन् । थारू जातिका लागि अरु कतिपय जातिहरूका लागि यो विशेष चाड हो, विशेष पर्व हो । त्यसकारण हामीले माघीको बिदा गर्ने गरेका छौं । अथवा जनताको भावनाप्रति, जनताका समस्याप्रति जनताको आस्थाप्रति यो सरकार अत्यन्तै संवेदनशील छ, सजग छ र त्यसमा क्रियाशील पनि छ । तसर्थ म आग्रह पनि गर्न चाहन्छु कुनै भ्रममा पर्नुपर्ने जरुरी छैन । केही आरोपहरू मान्छेहरूले उचालेका छन् यो विघटन असंवैधानिक छ भनेर । संविधानविपरीत छ भनेर त्यस्ता मान्छेहरूलाई म संविधान राम्ररी पढ्न सुझाव दिन चाहन्छु । कमसेकम संविधान राम्ररी पढ्नुहोस् अनि संविधान सम्मत छ कि छैन भन्ने बहसमा उत्रिनुस् । संविधान सम्मत छ कि छैन भन्ने कुरा आग्रहपूर्ण ढङ्गले सम्मानित सर्वोच्च अदालतलाई दवाव दिने ढङ्गले, स्वतन्त्र ढङ्गले न्याय निरुपण गर्न बाधा पुर्याउने हिसाबले काम भइरहेका छन् । कुनै अधिवक्ता प्रधानन्यायाधीशलाई वर्तमान र भविष्य सम्झेर फैसला गर्नुहोस् यो भनेको धम्की होइन । वर्तमान र भविष्य सम्झेर फैसला गर्नुस् प्रधानन्यायाधीशलाई भन्ने एउटा वकिलले अराजकताको पनि एउटा हद हुन्छ । केही वर्ष न्यायालयमा जागिर खाने वित्तिकै अहिले पनि आफैं न्यायालयमा छु भनेजस्तो गरेर केही पूर्वन्यायामूर्तीहरू कस्तो न्याय दिनु भएछ उहाँहरूले आफ्नो समयमा भन्ने मलाई अचम्म लाग्छ । कस्तो न्याय दिनुभयो होला सडकमा ओर्लिएर न्यायालयलाई, स्वतन्त्र न्यायालयलाई उहाँहरू ललकारीरहनुभएको छ, यस्तो हुन्छ ? यस्तो हुँदैन । के सर्वोच्च अदालतमा वकालत नपढीकन पुग्नु भएको छ मान्छे ? विनाअनुभव पुग्नु भएको छ मान्छे ? के त्यो पत्रकार सम्मेलन गर्ने र वक्तव्यवाजी गर्नेहरूले मात्रै कानून पढेको छ ? अरुले पढेका छैनन् ? उहाँहरूले दबाब दिने मनाशयले काम गर्नु भएको छ । राजनीतिक पक्षधारताको हिसाबले काम गर्नुभएको छ । स्वतन्त्र देखिने, नागरिक समाज भनिने, बुद्धिजीवी भनिने अनि पक्षधरताका साथ आफ्नो हैसियतको दुरुपयोग गरेर न्यायालयलाई दबाबमा पार्न खोज्ने । म भन्न चाहन्छु न्यायालयले दबाबमा पर्नु हुँदैन । सरकार र मैले नेतृत्त्व गरेको पार्टी नेकपा त्यसले अदालतको स्वतन्त्रता, स्वतन्त्र न्यायापालिका, शक्तीपृथकीकरणको सिद्धान्त त्यसलाई मान्छ । त्यसलाई कदर गर्छ, त्यसालई सम्मान गर्छ । अहिलेको संविधानले संवैधानिक

विषयहरूमा संवैधानिक इजलाश गठन गरेर त्यसबाट फैसला हुने भनेको छ । अब त्यसबाट गर्न पाइँदैन भनेर एकथरी कहाँ कानून पढेछन् तिनीहरूले ? संवैधानिक इजलाशको व्यवस्था संविधानको व्यवस्था हो कि होइन ? अनि वकवास गरेर हिड्ने ? वास्तवमा यी तरिकाहरू उपयुक्त होइनन् । म सबैलाई आग्रह गर्न चाहन्छु लोकतन्त्रमा शक्तीपृथकीकरण भन्ने एउटा सिद्धान्त हुन्छ । व्यवस्थापिका, कार्यापालिका, न्यायापालिका, न्याय गर्ने कुरामा वकालतनामा गरेका वकिलहरूले वकालतनामा भरेका वकिलहरूले बहस गर्नु, अदालतले मागेका अदालतका सहयोगीका रूपमा मागेका एमिकसक्यूरीहरूले बहस गर्नु, सरकारी वकिलले बहस गर्नु, स्वतन्त्र अधिवक्ताहरूले बहस गर्नु एउटा कुरा हुन्छ । न्याय गर्ने कुरामा त्योभन्दा पृथक ढङ्गले अदालतलाई दबाब गर्ने खालका कुराहरू वाञ्छनीय हुन्छ । अझ सडकबाट फैसला गर्ने प्रतिनिधि सभा विघटन भयो मुद्दा हाल्न जाने विघटन भएको छैन हामी प्रतिनिधि सभा बस्छौं पनि भन्दै गर्ने । सडकमा जान्छौं पनि भन्दै गर्ने अदालत जान्छौं पनि भन्दै गर्ने, किन यस्तो परिस्थिति आयो होला ? म यस गरिमामय सदनलाई जानकारी गराउँन चाहन्छु । यो अवस्था अहिले पनि हामी देख्न सक्छौं यद्यपि यो एउटा पार्टी विशेषको रुलिङ्ग पार्टी विशेषको आन्तरिक मामिला हो तर सामान्य कुरा भए पनि एउटा रुलिङ्ग पार्टीभित्रको एउटा बहुमत प्राप्त एउटा पार्टीभित्रको समस्या हो । चुनाव घोषणा गरेपछि त चुनावको सामना गर्नका लागि सिङ्गै पार्टी एकजुट भएर जानु पर्ने नि । सिङ्गै पार्टी एकजुट भएर जानु पर्ने चुनाव घोषणा गरेबापत झन फुट्छ, झन् फाटोतिर जान्छ अनेक प्रकारका विसङ्गत वक्तव्यवाजी गरेर जान्छ । मैले केन्द्रीय कमिटीको बैठक बोलाए । केन्द्रीय कमिटीको बैठकमा केही साथीहरू अनुपस्थित भए । कहाँ गए साथीहरू भनेर हेर्दै थिएँ माइतीघर मण्डलामा हामी यहाँ छौं भनेर बस्या छन्। केन्द्रीय कमिटीको बैठकमा नजाने हामी यहाँ छौं भनेर माइतीघर मण्डलामा जाने । केन्द्रीय कमिटीको बैठकमा किन नजाने ? अर्को दिन हेरेको पार्टीको नाम, पार्टीको चुनाव चिह्न सूर्य, पार्टीको झण्डा, लोगो, छाप अरुलाई नदिनुहोला हामी हौं भनेर कार्की ब्याङ्केटबाट पत्र पठाइयो । निर्वाचन आयोगलाई । म नेकपाको कुरा गर्दैछु, नेकपाको । कार्की ब्याङ्केटको होइन । जसको प्रथम अध्यक्ष म । अनि केही मानिसहरूले कार्की ब्याङ्केटबाट मलाई निष्काशन गरे अरे । तपाईंहरूको संयमलाई म धन्यवाद भन्छु । तपाईंहरू कोही पनि त्यो कुरा सुनेर खित्का छोडेर हाँस्नु भएको छैन । माइतीघर मण्डलाबाट, कार्की ब्याङ्केटबाट प्रथम अध्यक्षलाई पार्टीको बैठकमा नआएर त्यहाँबाट उछिटिएर कतातिर गएर निष्काशन गऱ्यौं जति हास्यस्यपद के हुन्छ ? हामीसँग बहुमत भन्नुहुन्छ । वरिपरि तमासा हेर्न आएका

मानिसहरूलाई यसो हेर्नु भयो होला, केन्द्रीय कमिटीभन्दा धेरै देख्नु भयो होला । हामीसँग बहुमत छ भन्नुभयो होला । बहुमत केलाई भनिन्छ ? पाँच जनाको कमिटी छ भने तीन जनाले निर्णय गर्न सक्छन् तर कमिटीको बैठकमा बाहिरै अन्त्यै निर्णय हुँदैन । हामी तीन जना त हो नि, तीन जनाले गरेपछि भइहाल्छ भनेर यहीँ अभ्यास पार्टीभित्र चलाउन खोजियो । पाँच जना भेला हुने अगेनाका डिलमा, पाँच जना भेला हुने बिवान्तामा पाँच जना भेला हुने अर्को अर्याल होटल, पाँच जना भेला हुने खुमलटार, कोटेश्वर, कहाँ कहाँ अनि त्यहाँबाट भन्ने हामीले यो निर्णय गऱ्यौं । पाँच जना भेला हुँदैमा निर्णय हुँदैन । बैठकमा आएर पाँच जनाले निर्णय गर्दा निर्णय हुन्छ । अन्तै बहुमत हुने होइन बैठकमा आउनुस्, बैठकमा प्रमाणित गर्नुस्, बैठकमा प्रमाणित गरेको भए बैठकमा आएर छलफल गरेर प्रमाणित गरेको भए यो अराजकता आउँदैनथ्यो । त्यसकारणले यो अवस्था आयो । अहिले फेरि अर्को पत्र उहाँहरूले पठाउनुभयो निर्वाचन आयोगमा । अरु केही पनि भएको छैन, हामीले चिह्न सिह्नको केही दाबी गरेका छैनौं । अस्ति अरूलाई नदिनुस् हाम्रै हो भनेर भन्नु भएको थियो, पत्र पठाउनु भएको थियो । अहिले । अस्ति फेरि पत्र पठाउनु भयो । हामीले केपी ओलीलाई पार्टीबाट निकाल्यौं अरु केही पनि भएको छैन है जस्ताको तस्तै छ । हामीले चिह्न सिह्न केही मागेका छैनौं । कतिखेरको कुरा के हो, कतिखेरको कुरा के हो । एकछिनपछि एउटा एकछिनपछि अर्को । संसद विघटन भइसकेपछि साढे ३ बजे अविश्वास दर्ता गर्न रनथनिएका केही मानिसहरूलाई अविश्वास प्रस्ताव दर्ता गर्न साढे ३ बजे। संसद विघटन भइसक्यो कहाँको अविश्वास ल्याएको भनेर सचिवालयले भनेपछि भन्न पनि लाज भयो । हाम्रो सभामुखले घुँडामा राखेर १०:४० मा नै मकहाँ ल्याएका थिएँ यो निवेदन भनेर प्रमाणित पनि गरिदिनुभयो । संसदीय प्रणालीले प्रणालीकै हुर्मत लिने खालको यो लज्जाभूत हुने कुरा हो । एउटा स्पिकरले दुःखका साथ भन्नुपर्छ यस्तो झुटो प्रमाणीकरण गर्नुहुन्छ । आइन्दा यस्ता गल्तीहरूबाट जोगिनुपर्छ । यस्ता गल्ती सच्याउनुपर्छ यस्ता गल्तीहरूमा सचिवालयले यस कुरालाई स्पष्ट पार्नका निम्ति सचिवालयमा ३:३० बजे मात्रै यो प्रस्ताव ल्याइएको हो भनेर वक्तव्य जारी गऱ्यो । लज्जाको कुरा होइन यो ? कुनै पनि संसदीय प्रणालीमा यस्तो खालको जालझेल गरिनु हुन्न । जालझेलमा लोकतन्त्र हुने होइन, फष्टाउने होइन, टिक्ने होइन । लोकतन्त्र भनेको जालझेलको प्रणाली होइन । लोकाको प्रणाली होइन, लोकतन्त्र भनेको पार्दर्शीता, स्वच्छताको प्रणाली हो ।

अब संसद पुनर्स्थापना हुन्छ कि भन्ने एउटा हल्ला चलाइएको छ । ६४ प्रतिशत लगभगको प्रतिनिधित्व गर्ने सर्वसम्मत दलको नेता प्रधानमन्त्रीको हैसियतमा मैले यदि यही प्रतिनिधि सभा यसैगरी सञ्चालन गरिरहने हो भने यो सरकारले काम गर्ने वातावरण पनि नपाउने भयो र गतिसाथ देशको हितमा जनताको हितमा विकास निर्माणका कामहरू अगाडि बढाउने काममा पनि गति लिन सक्दैन। त्यसकारण राष्ट्रको समय बर्बाद हुन ... यदि झण्डै दुई तिहाइको बहुमतसहितको प्रधानमन्त्रीले विघटनको सिफारिस गरेर विघटन भइसकेपछि अब विकल्प कहाँनेर छ ? ६४ प्रतिशत मसँग छ त्यसको सर्वसम्मत दलको नेता म हुँ । जतिपल्ट घुमाए पनि जतिपल्ट घुमे पनि त्यही ३६ प्रतिशत बाँकी रहन्छ होइन र ? ३६ प्रतिशत ५१ प्रतिशत कहिल्यै हुन्छ र अनि विकल्प छ । यथार्थ विकल्प चाहियो नि। अब मनगढन्ते विकल्पले हुँदैन यथार्थ विकल्पले संसदको बनावटको विकल्प संसदको बनावटमा ६४ प्रतिशतको सर्वसम्मत दलको नेता म हो र यस हैसियतमा प्रधानमन्त्री म हो र मैले चलाउन नसक्ने र विघटन गर्ने सिफारिस गरिसकेपछि अर्को विकल्प छैन । अब विघटन भइसकेपछि हामी मिलेर चलाउँथ्यौं भनेर अनेकथरि तत्वहरू निस्किनु । यहाँ त बहुमत प्राप्त दलले नै अरू अप्सन छैनन् त्यसभन्दा पछिका संविधानको धारा ७६ को १ अनुसार यो सरकार हो । २ को अप्सन आउँदै आएन । १ ले सरकार बनायो २ अप्सन आएन, ३ आएन, ४ आएन, ५ आएन । अब ७ ले सरकार रहने अवस्था, सरकार चल्ने अवस्था नरहँदा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी अर्को प्रतिनिधि सभाको नयाँ निर्वाचनको लागि मिति घोषणा गरेको छ । त्यसअनुसार नै भएको छ संविधान सम्वत् कसरी भएन ? पुनर्स्थापना कसरी हुन्छ, पुनर्स्थापना केका लागि हुन्छ ? कुन विकल्पका लागि हुन्छ ? के देशमा अस्थिरता ल्याउनका लागि राजनीति फेरि सुरु गर्नका लागि ? हवस् टेडिङ्को ६/६ महिनामा सरकार परिवर्तन गर्ने तमासा गर्नका लागि, पुनर्स्थापना हुन्छ ? पुनर्स्थापनाको सम्भावना छैन । पुनर्स्थापना कुनै पनि हालतमा हुन सक्दैन । यो संविधानले भन्छ । केही मानिसहरूले संविधानमा विघटन गर्ने लेखेको छैन भन्नुभयो । विघटन गर्ने किन लेख्या छैन धारा ७६ को उपधारा (७) प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरेर नयाँ मिति तोक्नेछ नयाँ निर्वाचनका लागि भन्ने व्यवस्था छ । प्रधानमन्त्रीले विघटन गर्न पाउँदैन भन्ने संविधानमा कही लेखेको छ ? संविधानको धारा ८५ ले भन्छ । ८५ ले अगावै विघटन भएमा बाहेक अगावै विघटन हुने कल्पना त संविधानले गऱ्यो । अगावै विघटन भएमा बाहेक यस प्रतिनिधि सभाको कार्यकाल ५ वर्षको हुनेछ । अगावै विघटन भएमा बाहेक अगावै

विघटन हुँदाखेरि झण्डै तीन वर्षको मात्रै पनि हुँदोरहेछ । त्यसकारण अगावै विघटन भएमा बाहेक अर्को कुनै विकल्प छैन । अर्को कुरा, देशको कार्यकारी अधिकार यो राजनीतिक प्रश्न हो । यो संवैधानिक र कानून प्रश्न वास्तवमा होइन । यो राजनीतिक प्रश्न हो । देश कसरी चल्छ, कसरी चलाउनु पर्छ ? यो राजनीतिक प्रश्न हो र यस राजनीतिक प्रश्नलाई कानूनी प्रश्नको रूपमा संवैधानिक प्रश्नको रूपमा अदालतले entertainment गरिरहनुभन्दा यसलाई केही भनिरहनु नपर्ने भनेर बर्खास्त गरे हुन्छ, खारेज गरे हुन्छ । किनभने यो political decision हो । यो political decision ले politics लाई संविधान सम्मत ढङ्गले लोकतान्त्रिक प्रणालीको राजनीतिअन्तर्गत अभ्यासमा अगाडि जान दिनुपर्दछ । त्यसकारण यो त्यसैगरी जान्छ यो political decision हो । यो आवश्यकताको सिद्धान्तअनुसार हो । यो प्रधानमन्त्रीले संविधानका विभिन्न ठाउँमा लेखेको छ । preamble देखि विभिन्न धाराहरूमा लेखिएको छ । कार्यकारी अधिकार मन्त्रिपरिषद्मा रहनेछ । र त्यसको प्रतिनिधित्व प्रधानमन्त्रीले गर्छ । मन्त्रिपरिषद्को निर्णय र सिफारिस प्रधानमन्त्रीमार्फत यद्यपि मन्त्रिपरिषद्को सिफारिस चाहिन्थ्यो कि चाहिँदैन्थ्यो ? तर मन्त्रिपरिषद्को सिफारिससहित सर्वसम्मत सिफारिससहित अँ केही साथीहरूले कतिको उपयुक्त हुन्छ यो विघटन हो ? उपयुक्त होला नहोला अलिकति छलफल मन्त्रिपरिषद्मा एक दुई जना साथीहरूले उठाउनु भएको थियो । मैले त्यसलाई स्पष्ट पारेपछि साथीहरू सन्तुष्ट हुनुभएको थियो । र सर्वसम्मतिले विघटन भएको थियो । सिफारिस भएको थियो । सिफारिस भइसकेपछि र विघटन भएपछि कुन नेताले कसलाई तान्यो, कसको स्वार्थ कता गाँसियो, कसको स्वार्थमा धक्का पर्‍यो त्यो बेग्लै कुरा हो ।

त्यसर्थ यो मन्त्रिपरिषद्को सर्वसम्मत निर्णयका आधारमा प्रधानमन्त्रीद्वारा गरिएको सिफारिसमा राष्ट्रपतिद्वारा भएको विघटन हो । राष्ट्रपतिको अधिकार र कर्तव्य के हो ? हामीले सम्मानित राष्ट्रपति भनेका छौँ । हामीले राष्ट्रपतिमा धेरै अधिकार दिएका छैनौँ केही अधिकारमात्र दिएका छौँ । यसले त्यस संस्था वा निकाय वा व्यक्तिले गरेको सिफारिस भनेर तोकिएकोमा बाहेक अन्यन्त्र सबै काम कारबाही राष्ट्रपतिले मन्त्रिपरिषद् र प्रधानमन्त्रीको सिफारिसमा गर्नेछ । प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले गर्नुपर्छ । त्यो कानून सम्मत छ कि छैन, उपयुक्त छ कि छैन ? संविधान सम्मत छ कि छैन ? त्यसको जिम्मेवारी प्रधानमन्त्रीले लिन्छ राष्ट्रपतिले होइन । प्रधानमन्त्रीको सिफारिस राष्ट्रपतिले अनुमोदन गर्नुपर्छ । नेपालका कानूनविद् केही कानूनविद्हरूमाथि दया लागेर

आउँछ । केही दुर्मुखाहरू गणतन्त्रको सर्वोच्च संस्था राष्ट्रको गरिमामय सर्वोच्च संस्थाको मान मर्यादामा तुलेका छन् तिनीहरू गणतन्त्र विरोधी हुन् । तिनीहरू जनताका छोराछोरी उच्च ठाउँमा पुगेको देख्न चाहँदैनन् । अनि भन्छन् केटाकेटीमा ऊ गाई भैंसी चराउँथ्यो । केटाकेटीमा धुले स्कुलमा पढ्थ्यो । केटाकेटीमा यस्ता श्रम गरेर आएको थियो । केटाकेटीमा डेस्क बेञ्च पनि नभएका स्कुलमा पढेको थियो । उनीहरूको दिमागमा के छ भने सामन्तवाद । उनीहरूको दिमागमा दरबार हाईस्कुल, त्रिचन्द्र कलेज उहिँले उहिँले ती मात्रै थिएन नि । त्यसमा पढेको हुनुपर्ने अथवा दार्जिलिङको सेनजोसेफ पढेको हुनुपर्ने अथवा अक्सपोर्ड र अरु विश्वविद्यालय पढेको हुनुपर्ने । घाँस दाउरा गरेर उठेको हुन नहुने । गरिबको छोराछोरी माथि उठेको हुन नहुने । गरिबको छोराछोरी सांसद हुने ? माननीय, गाउँको जमिनदारले पनि माननीय भन्नुपर्ने गरिबको छोराछोरीलाई यस्तो व्यवस्था हुन्छ भन्ने तिनका दिमागमा छ । त्यसकारण गरिबका छोराछोरी माननीय भनेको उनीहरूलाई चित्त बुँझ्दैन मन पोल्छ । गरिबका छोराछोरी सम्माननीय भनेको उनीहरूलाई पोल्छ । उनीहरूलाई बेलायतको House of Lords जस्तो lords मात्रै हुनुपर्ने । विभिन्न ठाउँमा यी commons हरू कसरी भए ? यी घाँस दाउरा गरेर हुर्किएकाहरू कसरी भए ? गाई बाँछा गरेर हुर्किएकाहरू कसरी भए ? खेतबारी गरेर हुर्किएका कसरी भए ? खालि खुट्टा पैदल हिँडेर पढेकाहरू कसरी भए ? माथिल्लो ओहदामा, तिनका मन पोल्छ । ती आफैं पनि त्यस्तै हुन भने पनि तिनको सामन्तवादी चिन्तन त्यसले दिएको छ ।

अर्को कुरा, समाज मानव समाज भनेको सभ्य समाज हो । चेतनशील मर्यादित समाज हो । त्यहाँ संस्थाहरू सम्मानित संस्थाहरू, यसै त कसैले पनि अपमान गर्नु, गाली बेइज्जत गर्नु हाम्रो सभ्यताभित्रको होइन । अझै हाम्रो सभ्यता 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' वाला सभ्यता हो । जहाँ नारीहरूको पूजा हुन्छ त्यहाँ देवताहरूको पनि पूजा हुन्छ । हाम्रो सभ्यता अनेक विदुषीहरूको सभ्यता, हाम्रो सभ्यता वीरङ्गनाहरूको सभ्यता हो । हाम्रो सभ्यता मातृदेवको हो । आमा र महिलाहरू देवी देवतातुल्य सरह हुन् । अब त्यो सभ्यतामाथि हमला भइरहेको छ । केही हण्डिखोर तत्वहरूले हाम्रो सभ्यतामाथि हमला गरिरहेका छन् । हाम्रो शिष्ट समाजमाथि हमला गरिरहेका छन् । समाजको शिष्टतामाथि हमला गरिरहेका छन् । हाम्रा विभिन्न सम्मानित संस्थाहरूमाथि हमला गरिरहेका छन् र यो एउटा असभ्य असहिष्णु त्यस्तो समाज निर्माण गर्ने अथवा हाम्रो सभ्य समाजका मूल्य मूल्यहरूलाई ध्वस्त पार्ने प्रयास गरिरहेको छन् । त्यस

कुराबाट हामी सजग हुनुपर्दछ र हामीले जनतालाई पनि सजग गराउन जरुरी छ । मैले अघि भनें यसबीचमा विभिन्न भ्रमणहरू भएका छन् । भ्रमणहरूको आदान-प्रदान भएको छ, चीनसँग, भारतसँग कसैले प्रश्न उठाँउछन् चीनको फलानो किन आयो ? मित्र देशका मानिस आउँछन् कुरा गर्छन् जान्छन् । भलो चिताउँछन् जान्छन् । भारतका मानिस किन आए भनेर सोध्छन् आउँछन् कुरा गर्छन् भलो चिताउँछन् जान्छन् । संवाद गर्छन हामीसँग । अघि भर्खरै मैले भने परराष्ट्र सचिव नेपाल भ्रमणमा आए, गए । भारतका प्रधानसेनापति आए, गए । हाम्रो तर्फबाट पनि त्यस्तै आदान-प्रदानहरू भए । भर्खरै केही दिनअगाडिको मात्रै कुरा गरें अघि मैले । उर्जा सचिवको नेतृत्वमा एउटा टिम गयो । उपलब्धिपूर्ण वार्ता भए । अब ४ दिनपछि अझ ३ दिनपछि भने पनि भयो । आज १० तारिख भयो क्यारे होइन ? आज १० तारिख हो । १४ तारिखमा हाम्रो परराष्ट्र मन्त्री प्रदिप ज्ञवालीजी माननीय प्रदिप ज्ञवालीजी भारत भ्रमणमा जाँदै हुनुहुन्छ । उहाँले हामीले हाम्रो भू-भागसमेत सामेल गरेर छापेको नक्सा अथवा नक्सामा छापिएको भू-भागसमेतका विषयहरू विभिन्न विषयहरूमा छलफल गर्नु हुनेछ र हाम्रो भारतसँगको सम्बन्धलाई अझ व्यवहारिक रूपमा सफलतापूर्वक अगाडि बढाउन योगदान गर्नुहुनेछ । हामी यसरी एउटा सफलतापूर्वक अगाडि बढिरहेको समयमा छौं ।

अब निर्वाचनमा देश गइसक्या छ म सम्माननीय अध्यक्षज्यूमार्फत सबैमा आग्रह गर्न चाहन्छु । देशवासीमा आग्रह गर्न चाहन्छु । कुनै भ्रममा, अन्यौलमा, अलमलमा पर्ने आवश्यकता छैन । यो लोकतन्त्र, यो संघीय लोकतान्त्रिक गणतन्त्र यसलाई व्यवस्थित गर्ने र व्यवस्थित ढङ्गले परिचालन गर्ने संविधान, संविधानलाई व्यवहारमा उतार्ने कार्यान्वयन गर्ने हाम्रा प्रयास र अभ्यासहरू तदअनुसारका कानूनहरू र त्यसअनुसारका अभ्यासहरू लोकतन्त्रका अभ्यासहरूअनुसार हामी अगाडि बढिरहेका छौं । यस देशलाई हामी हामीलाई हाम्रो राष्ट्रिय सार्वभौमसत्ता प्यारो छ । हामीलाई हाम्रो स्वाधीनता प्यारो छ । हामीलाई हाम्रो स्वतन्त्रता प्यारो छ । हामीलाई हाम्रो भौगोलिक अखण्डता प्यारो छ । हामीलाई हाम्रा राष्ट्रिय हितहरूको रक्षा गर्न अगाडि बढ्न सकेकोमा रक्षा गरेकोमा गौरवानुभूति पनि छ । र हामी राष्ट्रिय स्वाभिमानलाई माथि उठाउँदै अगाडि बढाउने, देशलाई विकास गर्ने, समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने त्यस अभियानमा दृढतापूर्वक अगाडि बढेका छौं । यो अभियान एउटा दल विशेषको मात्रै अभियान होइन, सरकारको मात्रै अभियान होइन यो अभियान सरकार र सबै नागरिक समाज सम्पूर्ण राजनीतिक दलहरू, सबै सङ्घ संस्था सङ्गठनहरू र सिङ्गै समाजको साझा

राष्ट्रिय आकाङ्क्षा हो 'समृद्ध नेपाल सुखी नेपाली' । त्यसका लागि हामीलाई लोकतन्त्रको रक्षा गर्नुछ, सुदृढीकरण गर्नु छ, कार्यान्वयन गर्नु छ व्यवहारिक रूपमा र अगाडि बढ्नु छ । त्यही दिशामा हामी अगाडि बढिरहेका छौं । यस दिशामा अगाडि बढ्न म सबैमा हार्दिक आग्रह गर्न चाहन्छु । भ्रम फिंजाउने शक्तिहरू, अल्मल्याउने शक्तिहरू, नेपाललाई बर्वाद पार्ने खोज्ने शक्तिहरू क्रियाशील छन् । तिनका भ्रमबाट मुक्त रहन म सबैलाई म आग्रह गर्न चाहन्छु । भ्रमबाट मुक्त हुन र हामी दृढतापूर्वक हाम्रो देशको स्वाधीनता र स्वाभिमानलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दै र माथि उठाउँदै अगाडि बढ्नु छ । अहिले आगामी निर्वाचनले यस सम्बन्धमा एउटा नयाँ टर्निङ्ग पोइन्ट लिनेछ । दलहरूका बीचमा शुद्धीकरणसम्बन्धी यो एउटा गम्भीर झट्का हो । यसैगरेर अहिले जसरी राजनीतिक दलहरू चल्न खोजेका छन् यसरी होइन । शुद्धीकरणका साथ राजनीतिक दलहरू अब चल्नुपर्दछ । राजनीतिक दलभित्र रहेका अस्वस्थता, अबाञ्छित गतिविधि, विचारहीनता, भिजनहीनता, गन्तव्यहीनता, स्वार्थहरूको खेल, स्वार्थहरूको लडाइँ यसैलाई राजनीति बनाउने र जनतालाई गुमराहमा पार्ने खालका यस्ता प्रयासहरूलाई किनारा गर्नुपर्छ, असफल बनाउनुपर्छ र शुद्धीकरणका साथ राजनीतिक दलहरू अब नयाँ जोस् जागरका साथ नयाँ शुद्धीकरण, नयाँ शुदृढीकरण, नयाँ एकता, नयाँ गतिका साथ हामी गन्तव्यतर्फ अगाडि बढ्नुपर्छ । अहिले राष्ट्रले लिएको बाटो यही बाटो हो । जो विल्कुल सही छ । आत्मविश्वासका साथ अगाडि बढ्न म आग्रह गर्न सबैलाई चाहन्छु र अध्यक्ष महोदय, म यहाँलाई समय दिनुभएकोमा धेरै-धेरै धन्यवाद दिन चाहन्छु र आफ्नो भनाइ टुङ्याउँछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले दिनुभएको वक्तव्यका सम्बन्धमा केन्द्रित भई प्रश्न सोध्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । समय एक मिनेटको हुनेछ ।

माननीय जितेन्द्र नारायण देव ।

**मानननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, अहिले भर्खरै राष्ट्रिय सभाको यो गरिमामय सदनमा सम्माननीय प्रधानमन्त्रीज्यूले देशको राजनीतिक परिस्थितिको बारेमा र संविधानको व्याख्याको सन्दर्भमा केही कुराहरू प्रस्तुत गर्नुभएको छ । त्यसप्रति पूर्ण असमत हुँदै म उहाँलाई धन्यवाद दिन चाहन्छु कि सम्माननीय प्रधानमन्त्रीजी आफैं आएर आफ्ना कुरा राखेर यो राष्ट्रिय सभाको गरिमा ओज बढाइदिनुभयो । एउटा प्रश्न सोधन चाहन्छु सम्माननीय अध्यक्ष महोदय, कि सम्माननीय प्रधानमन्त्रीजी आफैं दाबी गर्दै हुनुहुन्छ कि नेकपाभित्र पनि र नेकपाको संसदीय दलभित्र उहाँ बहुमतको कमाण्ड गर्नुहुन्थ्यो तर आफ्नै केही साथीहरूले उहाँलाई काम गर्नबाट रोके र पूरै parliament को 64 percent उहाँ कमाण्ड गर्ने सम्माननीय प्रधानमन्त्रीजी हुनुहुन्थ्यो भनेर उहाँ दाबी गर्नुहुन्थ्यो । भन्दाखेरि एकातिर पार्टीको प्रथम अध्यक्ष पनि र संसदीय दलको ..... (समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय प्रमिला कुमारी ।

**माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)**ः- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय प्रधानमन्त्रीज्यूसँग मेरो एउटा जिज्ञासा छ । २००७ सालको संविधानलाई राणाहरूले तुहाए । २०१७ सालमा राजा महेन्द्रले कु गरे । त्यस्तै राजा ज्ञानेन्द्र शाहले लोकतन्त्रको घाँटी निमोठे । ठ्याक्कै त्यही रोडम्याप बमोजिम तपाईंले पनि प्रतिनिधि सभा विघटन गरी अहिलेका सम्पूर्ण उपलब्धिहरू नाश हुने गरी गणतन्त्र, संघीयता, समावेशिता र धर्म निरपेक्षतामाथि तरवार झुण्डाउनु भएको छ । जसको प्रतिकार सडक र सदन दुवै ठाउँबाट भइरहेको अवस्था छ । त्यसैले नै यहाँले सदन बन्द गर्न खोज्नु भएको हो र हामी राष्ट्रिय सभाका सदस्यहरू सदन बन्द होस् भन्ने पक्षमा छैनौं र यसै सदनबाट प्रतिनिधि सभाको पुनर्स्थापनाको पनि जोडदार माग गर्दछु । यसमा तपाईं के भन्न चाहनुहुन्छ ? जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय रमेशजंग रायमाझी ।

**<u>माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)</u>**:- अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई प्रश्न राख्न चाहन्छु । यो नेपालको संविधान हो । मैले यहीँ सदनबाट सम्माननीय अध्यक्षज्यूमार्फत प्रधानमन्त्रीमा पुगोस् भनेर भने । प्रधानमन्त्रीज्यूले अहिले के भन्नुभयो भने धारा ७६ को (१) अनुसार बनेको सरकार भन्नुभयो । यो होइन । अहिले यो संविधान त्यहाँबाट पढियोस् सम्माननीय अध्यक्षज्यूले पनि पढ्नुस् र प्रधानमन्त्रीज्यूले पनि पढ्नुस् । ७६ अनुसार बनेको होइन । नेकपा माओवादी र नेकपा एमालेको संयुक्त सरकार धारा २ अन्तर्गत बन्यो र धारा ५ लाई प्रयोग नगरिकन धारा ७ प्रयोग गरेर प्रधानमन्त्री जानुभएको छ । त्यसकारण संसदले बनाउने अर्को संवैधानिक अर्को सरकार बनाउने सम्भावना हुँदाहुँदै यो कदम प्रधानमन्त्रीले किन चाल्नुभयो ? असंवैधानिक हो भनेर हामीले भनेको यसमा म प्रष्ट हुन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थ ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत प्रधानमन्त्रीज्यूलाई मेरो प्रश्न छ । मृत्यु प्रर्यन्त आँखा दान गरेको यो त मर्ने चीज रहेछ भनेर त्यसलाई मारेर नै आँखा निकालियो । संसदको विघटन पनि यस्तै भयो । संविधान च्यातेर निर्वाचन कसरी हुन्छ ? नहर भत्काएर रोपाइँ गर्न जा भनेजस्तो भएन । नहर नबनेसम्म रोपाइँ हुन सक्दैन । संविधान बचे चुनावमा जाउँला । चुनाव त राजाले पनि गर्छु भनेका थिएँ । जमिन खोजेको चित्र बाँड्नु भयो । चुच्चे जमिन ल्याउन नसकेर संसद भङ्ग गर्नुभएको हो ? जतिसुकै तर्क गरे पनि संसद विघटन अलोकतान्त्रिक र असंवैधानिक छ । अत्यन्तै खेदजनक छ । गेसपेपर पढेर भएन प्रधानमन्त्रीज्यू संविधान पढ्नु पऱ्यो, संविधान । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा (माननीय सदस्यहरू, माननीय अनिता देवकोटालाई म एक मिनेटको समय दिन्छु ।)

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, संविधानले दिँदै नदिएको असंवैधानिक कार्यको म घोर भर्त्सना गर्न चाहन्छु । आफ्नो सत्ता यात्रा टुङ्गिँदै गर्दा संसदको घाँटी रेट्न पछाडि नपर्ने प्रधानमन्त्रीले कसरी निर्वाचन गर्छ भनेर म प्रश्न गर्न चाहन्छु । त्यसैगरी धनगढीमा भएको आमसभामा निर्मला पन्तको बलात्कारी खै भन्ने टिसर्ट लगाएकोलाई समातियो । अब के संविधानको मौलिक हकअन्तर्गत धारा १७ पनि विघटन भएको हो ? भनेर म सोध्न चाहन्छु र त्यसैगरी संविधानको १०१ महा लेखेको छ, ११९ मा राज लेखेको छ । यहाँले महाराज घोषणा गरियोस् भनेर राष्ट्रपतिकहाँ पठाउनुहोला । राष्ट्रपतिले त्यो विज्ञप्ती जारी गर्नुहोला । के हामीले राष्ट्रपतिलाई महाराज भनेर मान्ने ? ..... (समय सकिएको हुँदा माइक काटिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउँछु ।

**सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली**ः- सम्माननीय अध्यक्ष महोदय, सबैभन्दा पहिले त म माननीय सदस्यज्यूहरू जसले प्रश्न गर्नु भयो, सक्रिय सहभागिता जनाउनु भयो त्यसका लागि धन्यवाद भन्न चाहन्छु । माननीयज्यूहरूलाई म बुहतै आदरसम्मानका साथ भन्न चाहन्छु । केही इतिहासका कुरा पनि ल्याउनेछु । २००७ सालको संविधान कस्ले खायो भन्नुभयो मलाई अचम्म लाग्यो । २००७ सालको अन्तरिम संविधान त्यो अन्तरिम संविधान कुनै जनताले बनाएको संविधान थिएन । त्यसबेला राजाबाट घोषणा गरेको संविधान थियो । त्यसलाई पछि राजाबाट नै दिएको नेपाली काँग्रेससमेतको सहमतिमा दिएको २०१५ सालको संविधान जहाँ राजाले संसद विघटन गर्न पनि पाउने, सरकार विघटन गर्न पनि पाउने जे पनि गर्न पाउने त्यो संविधान प्रतिसमरण त्यसलाई संशोधन, खारेजी जे पनि गर्न पाउने अधिकार थियो । र अर्को धारामा अरु सबै धाराहरू संशोधन हुनसक्ने तर महाराजधिराजका त्यस्ता अधिकारहरू रहें । जे पनि गर्न पाउने अधिकार रहेको धारा । संविधान खारेज गर्न पाउने, संसद विघटन गर्न पाउने, सरकार विघटन गर्न पाउने, आफ्नै हातमा शासन लिन पाउने जे पनि

गर्न पाउने स्वेच्छाचारी धारा चाहिँ श्री ५ बाट पनि संशोधन गर्न सकिने छैन भन्ने व्यवस्था गरेको थियो । नेपाली काँग्रेसले दुर्भाग्यबश त्यो संविधान मान्दियो । त्यसैकारण धारा ५५ अनुसार २०१७ सालमा कु भएको थियो । २०१७ सालको कु, कु थियो तर गल्तीले कमजोरीले मानिएको संविधानको धाराअनुसार थियो । मैले दुःखका साथ भन्नुपर्छ । हामी सबैले त्यस्ता कुराहरूबाट शिक्षा लिनुपर्छ । मलाई नराम्रो लागेन साथीहरूले अलिकति आलोचना गर्नुभयो । असंवैधानिक विघटनको घोर विरोध, घोर भर्त्सना गर्दछु भनेर दलले बोल्नलगाको छ माननीयज्यूहरूलाई । अब आफ्नै बोली पनि खास नभएको हुँदाखेरि दलहरूको आ-आफ्ना विचार हुन्छन् । त्यसमा मैले खासै केही भनिरहनुपर्ने छैन । दलको अडान राख्नुभयो धन्यवाद छ साथीहरूलाई । त्यसले कस्तो हल्ला फिजाइँदै रहेछ देशमा, कस्ता प्रचार गरिँदै रहेछ देशमा भन्ने कुरा सरकारलाई थाहा हुन्छ । जानकारी हुन्छ । प्रधानमन्त्रीको हिसाबले मलाई पनि जानकारी हुन्छ । त्यसले लाभ नै पुग्छ भन्ने मलाई लाग्छ । महा र राज जोडेर महाराज बनाउनु पर्ने । कठैबरी कुन दुनियाँमा हुनुहुन्छ ? राष्ट्रपतिलाई हामीले जम्माजम्मी प्रधानमन्त्रीले गरेको सिफारिसअनुसार लाहाछाप लगाउने मात्रै हिसाबमा एउटा सेरेमेनियल रूपमा राष्ट्रपति राखेका छौं । अनि राष्ट्रपतिले के एक्टिभ राष्ट्रपति चाहियो हामीलाई । प्रधानमन्त्रीले गरेको सिफारिस नमान्ने, आफ्नै ढङ्गले चल्ने राष्ट्रपति चाहियो हामीलाई, महाराजधिराजजस्तो राष्ट्रपति चाहियो हामीलाई हुकुम तामेल गर्ने । त्यस्तो राष्ट्रपति हामीले खोज्या होइन । हामीले खोजेको सम्मानित राष्ट्रपति भनेको सेरेमुनियल राष्ट्रपति । जसले सम्मानित संस्थाको रूपमा संविधानको रक्षक र पालकको रूपमा मर्यादामा बसेर काम गर्छ त्यस्तो राष्ट्रपति खोज्या हो । नकि हामीले संविधानअनुसार नचल्ने संविधानले तोकेका कर्तव्य पालना नगरेर संविधानभन्दा बाहिर गएर स्वेच्छाचारी ढङ्गले चल्ने राष्ट्रपति अहिलेको संविधानको कुरा पनि होइन र हामीले ल्याएको प्रणालीको कुरा पनि होइन, हाम्रो संविधानको व्यवस्था पनि होइन । त्यसकारण राष्ट्रपतिप्रति केही पुरातनपन्थी सोचका मानिस, केही मुलुकलाई पछाडि फर्काउन चाहने तत्वहरू अथवा आफ्नो सङ्कीर्ण दलीय स्वार्थको हिसाबले राष्ट्रपतिको गरिमामाथि हिलो छ्याप्न खोज्नेहरूले राष्ट्रपतिको विरोध गर्छन् । त्यो हामीले देखी भोगी आएको कुरा हो । त्यसमा धेरै केही भन्न चाहन्नँ ।

मलाई के भन्न मन छ भने फेरि पनि म दोऱ्याएर भन्न चाहन्छु । यो सरकार संविधानको धारा ७६ को उपधारा (१) अनुसार बनेको होइन । फागुन ३ गते बिस्तार

गन्दा त्यस रूपमा बनेको होइन । फागुन १४ गते बिस्तार हुँदा त्यस रूपमा बिस्तार भएको होइन । चैत २ गते पूर्णता प्राप्त गर्दा पनि त्यस रूपमा भएको होइन । त्यतिबेला दुई वा दुईभन्दा बढी सरकारकै हिसाबले थियो । तर जब दुई पार्टीहरू मिलेर एउटै संसदीय दलको नेता छाने । दुई पार्टी मिलेर एकीकरण बनेर एउटै पार्टी भएर बहुमतको सरकार बनाए । त्यो सरकार बहुमतको सरकारमा परिणत भयो । संविधानको धारा ७६ (१) को सरकारमा परिणत भयो । अब एउटा फुटबल खेलाडी भइसकेपछाडि पूरानो इतिहास सम्झेर तँ त कोक्रामा खेल्थिस् नि भनेर हुँदैन । फुटबल खेलाडी भइसक्यो त्यो । जमाना परिवर्तन भइसक्यो । त्यसकारण दलहरू मिलेर जब अर्कै परिस्थिति बनिसक्यो । एक दलको बहुमतको सरकार बनिसक्यो । तब पुराना कुरा गरेर हुँदैन । त्योभन्दा अगाडि भन्ने हो भने चुनाव लडिरहेका बेला मैले नेतृत्व गरेको दल विपक्षमा थियौं । त्यसबेलाका कुरा गरेर हुन्छ अहिले । समय गतिशील छ, परिवर्तनशील छ । त्यसअनुसार नै चुनावी तालमेलका साथ लडियो । चुनावी गठबन्धनको बहुमत बन्यो । त्यसकारण गठबन्धनको बहुमतको सरकार बनाइयो । त्यसपछि दुई वटै दलहरू मिलेर एउटा दल बन्यो । एकै दलको बहुमतको सरकार बन्यो । त्यसकारण त्यो एकै दलको बहुमतको सरकार होइन र त्यो ? यसमा पनि तर्कलाई कुतर्कतिर लान मिल्छ ? त्यसकारण यो एउटै दलको बहुमतको सरकार हो । र एकै दलको बहुमतको सरकार भएको हुनाले धारा ७६ को उपधारा (१) बमोजिमको हो । त्यसपछि अरु विकल्प रहेनन् । मैले संसद विघटनको सिफारिस गर्दासम्म म सर्वसम्मत बहुमत प्राप्त दलको संसदीय दलको नेता हुँ । सर्वसम्मत नेता, कुरा त्यो हो । यसमा पनि अलमलमा पर्नु या भ्रममा पर्नु आवश्यक छैन भन्ने कुरा म निवेदन गर्न चाहन्छु साथीहरू । यसमा भ्रममा नपरौं । र मेरो सुझाव के छ सबै साथीहरूलाई भने अब यो तर्क वितर्कमा लाग्नभन्दा तपाईंहरूलाई त आनन्द छ चुनाव लड्न पर्दैन । तर यस राष्ट्रिय सभाको गरिमामय अवसर मैले जो बोल्ने पाएको छु त्यसबाट म चुनाव लड्नेहरूलाई भन्न चाहन्छु । राष्ट्रिय सभामा त ठिकै छ । तपाईंहरू त स्थायी संसद भएको हुनाले स्थायी सभा भएको हुनाले राष्ट्रिय सभा त चल्छ । प्रतिनिधि सभावाला साथीहरू अरू तमाम् मानिसहरू यहाँहरू पनि आ-आफ्नो दलको तर्क गर्नेभन्दा पनि चुनावको तयारीमा लाग्नुस् । आफ्नो-आफ्नो दलको भन्ने मेरो सुझाव छ । मैले धेरै केही भन्नुपर्लाजस्तो लाग्दैन म साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । सक्रियतापूर्वक सहभागिता जनाउनुभएको छ । खासगरी मैले बोलेको कुरामा कुनै दलविशेषको प्रतिनिधिले असहमति जनायो कि जनाएन भन्ने कुरा दर्ज गर्नका लागि

साथीहरूले जुन असहमति जनाउनु भएको छ । स्वभाविक रूपमा दलीय प्रणालीमा म लिन्छु । यसलाई साथीहरूलाई म धन्यवाद दिन्छु कमसेकम आफ्नो दलको विचार दर्ज गराउनु भयो । धन्यवाद छ । अध्यक्ष महोदयलाई मलाई समय दिनुभएकोमा फेरि धन्यवाद भन्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई "थारू आयोगको वार्षिक प्रतिवेदन, २०७६/०७७" सभासमक्ष पेश गर्न समय उपलब्ध गराउँछु ।

**<u>सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "थारू आयोगको वार्षिक प्रतिवेदन, २०७६/०७७" सभासमक्ष पेश गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सदस्य देवेन्द्र दाहाललाई विधाययन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०७६/०७७ सभासमक्ष पेश गर्न समय उपलब्ध गराउँछु ।

**<u>विधायन व्यवस्थापन समितिका माननीय सदस्य श्री देवेन्द्र दाहाल</u>**ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ को उपनियम (४) बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिको वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने प्रावधान रहेको र संघीय संसदको यस अधिवेशन २०७७ असार १८ गते अन्त्य भएपश्चात अहिले जारी यस सभाको अधिवेशनमा प्रस्तुत गर्ने प्रयोजनको लागि समितिका माननीय सभापति परशुराम मेघी गुरुङ विशेष कारणवश (विशेष कारण भन्नाले उहाँ चाहिँ कोरोना positive देखिएर अहिले आराम गरिरहनु भएको अवस्थामा छ) उपस्थित हुन नसक्नु भएको हुँदा उहाँले तोकिदिनु भएबमोजिम म विधायन व्यवस्थापनको समितिको वार्षिक प्रतिवेदन पेश गर्नको लागि उपस्थित भएको छु । यस प्रतिवेदनमा मिति २०७६ श्रावण १ गतेदेखि २०७७ अषाढ मसान्तसम्म समितिबाट भए गरेका काम

कारबाही विधेयकहरूको अवस्था, सदस्यहरूको उपस्थिति, निर्णय र प्रतिवेदनहरू समावेश गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु । समितिको पहिलो कार्यकालमा जम्मा ३०८ बैठक बसेकोमा यस अवधिमामात्र समितिका १७२ वटा बैठकहरू बसेको थियो । यसका अतरिक्त समितिअन्तर्गत गठित विभिन्न उपसमितिहरूका समेत बैठकहरू समावेश भएका थिए । समितिले आफ्नो कार्यक्षेत्रअन्तर्गतको कार्यसम्पादन गर्ने क्रममा सबै पक्षको सहयोग, सहकार्य, समन्वय तथा समितिलाई प्राथमिकता दिई लोकतान्त्रिक विधि र नवप्रवर्द्धनअनुरूपको कार्यसम्पादनका लागि सदैव प्रयासरत रहँदै आएको छ । साथै समितिले आफ्नो कामकारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि समितिको बैठक सञ्चालन कार्यनीति, २०७५ र ऐन कार्यान्वयन मापन तथा अध्ययन अनुसन्धान कार्यविधि २०७५ लाई मुख्य आधारको रूपमा लिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, समितिले नेपालको संविधान प्रचलित कानून, राष्ट्रिय सभा नियामावली र संसदीय परम्पराभित्र रहेर आफ्नो कर्तव्य र जिम्मेवारीभित्रको कार्य समयमा नै सम्पादन गर्दै आइरहेको छ । राष्ट्रिय सभा नियमावली, २०७५ ले तोकिदिएको समितिको कार्यक्षेत्रअन्तर्गत समितिका प्राप्त हुने विधेयहरूमाथिको दफावार छलफलको कार्यलाई आवश्यकताअनुसार प्राथमिकता र महत्त्वका साथ सम्पादन गर्दै आएको छ । त्यसैगरी ऐन कार्यान्वनको मापन तथा अध्ययन अनुसन्धानको कार्यलाई समेत सँगसँगै अगाडि बढाइएको छ । यसका लागि आवश्यकताअनुसार विभागीय मन्त्री सचिवलगायतका राष्ट्रसेवक कर्मचारी, नेपाल कानून आयोग, सम्बन्धित विषयका विज्ञ, नागरिक समाज र सरोकारवालाहरूलाई समितिले आफ्नो बैठकमा आमन्त्रण गरी गहन विचार, विमर्श, छलफल, विश्लेषण साथै अध्ययन अनुसन्धान तथा मूल्याङ्कनजस्ता विषयमा जानकारी लिनुका साथै विध्यमान समस्याहरूको समाधान र जनइच्छाको सम्बोधनको लागि सरकारलाई सुझाव र परामर्शसमेत दिइएको छ । समितिले आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा मन्त्रालय, आयोग, निकायहरूसँग सहकार्य, सहयोग र समन्यात्मक भूमिका खेल्दै आएको छ । समितिको कार्यसम्पादनको क्रममा सरकारको तर्फबाट भएको सहयोग सन्तोषजनक रहेको छ । यद्यपि ऐन कानूनसम्बन्धी नीतिगत विषय सरकारबाट प्रस्तुत हुने विधेयकको गुणस्तर यसलाई समृद्ध बनाउने विषय र ऐनको कार्यान्वयनको विषयमा भने थप समझदारी सहकार्य र समन्वयको आवश्यकता महशुस गरिएको छ ।

अन्त्यमा समितिको कार्यमा सहयोग गर्नुहुने समितिका सबै माननीय सदस्यहरू, नेपाल सरकारका मन्त्रीहरू, सम्बन्धित मन्त्रालय एवम् निकायहरू, संघीय संसद सचिवालय विज्ञ तथा विद्वतवर्ग विभिन्न सरोकारवाला संघ, संस्थाहरू र सञ्चार जगतलाई समेत धन्यवाद दिन चाहन्छु र भविष्यमा पनि सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको आर्थिक वर्ष, २०७६/०७७ को वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, अब म यस सातौं अधिवेशन अवधिमा राष्ट्रिय सभाबाट सम्पादन गरिएका मुख्य-मुख्य काम कारबाहीको संक्षिप्त विवरण सभासमक्ष जानकारी गराउँछु ।

संघीय संसद राष्ट्रिय सभाको सातौं अधिवेशनको पहिलो बैठक मिति २०७७ साल पौस १७ गते शुक्रबार अपराह्न ४:०० बजे प्रारम्भ भई २०७७ साल पौस २६ गते आइतबारसम्म जम्मा १० दिन चालु भयो । यस अवधिमा बैठक बसेका ४ दिनहरूमा ४ वटा बैठक बसी ७ घण्टा ५ मिनेट सभाको काममा व्यतित भयो । यस अधिवेशन अवधिमा सभामा देहायबमोजिम ७ वटा अध्यादेशहरू पेश भए ।

१. "संवैधानिक परिषद् काम, कर्तव्य अधिकार र कार्यविधि सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७"
२. "तेजाव तथा अन्य घातक रासायनिक पदार्थ नियमन अध्यादेश, २०७७"
३. "नेपाल प्रहरी र प्रदेश प्रहरी कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय (पहिलो संशोधन) अध्यादेश, २०७७"
४. "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७७"
५. "औषधि (तेस्रो संशोधन) अध्यादेश, २०७७"
६. "यौनिक हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७७"
७. "फौजदारी कसुर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७७"

यसै अधिवेशन अवधिमा उठेका एवम् समसामयिक विषयमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सभामा वक्तव्य दिनुभयो । त्यसैगरी यसै अधिवेशन

अवधिमा सम्माननीय अध्यक्षबाट जारी भएको राष्ट्रिय सभाका समितिहरूको गठनसम्बन्धी आदेश, २०७७ सभामा पेश हुँदा सर्वसम्मतिबाट अनुमोदन भएको थियो । यसै अधिवेशन अवधिमा सभाले माननीय वामदेव गौतमलाई राष्ट्रिय सभाअन्तर्गतको दिगो विकास तथा सुशासन समितिमा मनोनयन गऱ्यो । त्यसैगरी यसै अधिवेशन अवधिमा मधेशी आयोगको वार्षिक प्रतिवेदन, २०७६/०७७ र थारू आयोगको वार्षिक प्रतिवेदन, २०७६/०७७ सभासमक्ष पेश गरिएका थिए । यसै अधिवेशन अवधिमा दिगो विकास तथा सुशासन समितिको दिगो विकास तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७६/०७७ र विधायन व्यवस्थापन समितिको विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन २०७६/०७७ सभासमक्ष पेश गरिएको थियो । यसै अधिवेशन अवधिमा प्रतिनिधि सभाका सदस्य द्वय सानु सिवा र सूर्यबहादुर के.सी. राष्ट्रिय सभाका पूर्वसदस्य त्रय दिपकबहादुर गुरुङ, इन्द्रहाङ्ग लिम्बू र राममान श्रेष्ठ संविधान सभा सदस्य द्वय भिमप्रसाद गौतम र मानपुर चौधरी र प्रतिनिधि सभाका पूर्वसदस्य द्वय ओमकारप्रसाद गौचन र वीरबहादुर लामा एवम् २०६३/०६४ को अन्तरिम व्यवस्थापिका संस्थाको सदस्य कमानसिंह लामाको निधन भएकोमा शोक प्रस्तावहरू पारित गरिएका थिए ।

माननीय सदस्यहरू, चालु अधिवेशनमा हामीले माननीयहरूले देशको समसामयिक परिस्थिति र जनताका आवाजहरूलाई सदनमा राख्नको लागि विगतमा विशेष समयको जुन व्यवस्था हामीले गरेका थियौं । एउटा बैठकमा १ घण्टाको अवधिमा हामी आफ्ना भनाइहरू राख्ने व्यवस्था मिलाएका थियौं तर यस पटक हामीले त्यसलाई अरु बढाएर पौने २ घण्टा विशेष समयको व्यवस्था गऱ्यौं र माननीयहरूले महत्त्वपूर्ण विचारहरू यस अवधिमा राख्नुभएको छ । यी सबै हाम्रो एउटा संसदीय यो इतिहासमा राष्ट्रिय सभाले गरेका महत्त्वपूर्ण कार्य र राष्ट्रिय सभामा विचार भएका महत्त्वपूर्ण यी भावनाहरू सधैं अङ्कित रहनेछन् । म यसमा सक्रियतापूर्वक भाग लिनुहुने माननीय सदस्यहरू र खासगरी आजको यो अधिवेशनको यसअवसरमा आएर सरकारको तर्फबाट सम्बोधन गर्नुभएको माननीयज्यूहरूका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभएको हुँदा म सम्माननीय प्रधानमन्त्रीज्यूलाई धन्यवाद भन्न चाहन्छु ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट चालु अधिवेशन अन्त्यसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म, सो पत्रको व्यहोरा पढेर सुनाउँछु ।

“नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०९/२६ को सिफारिसमा राष्ट्रिय सभाको चालु अधिवेशन सम्बत् २०७७ साल पुस २६ गते आइतबारका दिन राती १२:०० बजेदेखि अन्त्य गरेको छु ।"

(विद्यादेवी भण्डारी)
राष्ट्रपति

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालू सातौं अधिवेशन आजै राती १२:०० बजेबाट स्वतः अन्त्य हुनेगरी यो बैठक अन्त्य भएको घोषणा गर्दछु । धन्यवाद ।

(तदनन्तर राष्ट्रिय सभाको चालू सातौं अधिवेशन आजै राती १२:०० बजेबाट स्वतः अन्त्य हुनेगरी यो बैठक स्थगित भयो ।)

**अन्त्यः- दिउँसो २:५० बजे ।**